"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
## Mahalaxmi Municipality
### नगर कार्यपालिकाको कार्यालय
### Office of the Municipal Executive

फोनः ०१-५२०३५९२
Phone: 01-5203592

ललितपुर
Lalitpur
३ प्रदेश, नेपाल
Province 3-, Nepal

च.नं. ६२०
०७६।७७

मिति:-२०७४/०४/२६

श्री वडा कार्यालय सबै,
महालक्ष्मी नगरपालिका,

**विषय:- उपभोक्ता समिति गठन गर्ने सम्बन्धमा।**

उपर्युक्त सम्बन्धमा यस महालक्ष्मी नगरकार्यपालिकाको आर्थिक वर्ष २०७६/७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार चालु आ.व.मा स्वीकृत योजनाहरु समयमै समाप्त गर्नुपर्ने भएको भएको हुदा तहाँ वडा अन्तर्गत सम्पन्न गर्नुपर्ने विकास निर्माणका कार्यहरुलाई प्रभावकारी बनाउन उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन गर्नुपर्ने भएकोले यहि आश्विन मसान्तसम्ममा उपभोक्ता समिति गठन गर्नुहुन मिति २०७६/४/१९ को निर्णय अनुसार अनुरोध छ। निर्णयको प्रतिलिपी संलग्न राखी पठाइएको व्यहोरा समेत अनुरोध छ।

लक्ष्मी प्रसाद रेग्मी
प्रमख प्रशासकीय अधिकृत

मिति: २०७६।४।१५
निर्णय नं: ११७

योजना शाखा

महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रदेश नं. ३
इमाडोल/लुभु, ललितपुर
२०७३

प्रस्ताव,

विषय :- उपभोक्ता समिति गठन गर्ने सम्बन्धमा ।

प्रस्ताव पेश गर्न प्रमुखबाट स्वीकृति प्राप्त मिति २०७६/ / /

**१.विषयको संक्षिप्त व्यहोरा :-**

१. यस महालक्ष्मी नगरपालिकाको आर्थिक वर्ष २०७६/७७ को स्वीकृति वार्षिक कार्यक्रम अनुसार असार मसान्तभन्दा अगावै कार्य सम्पादन गर्नका लागि यहि आ.व.२०७६/७७ को स्वीकृत योजनाहरु समयमै समाप्त गर्ने नगरपालिका भित्र गठन गर्नुपर्ने सम्पूर्ण उपभोक्ता समितिहरु यथाशिघ्र गठन गरिसक्नुपर्ने भएकोले योजनाका कामहरुलाई व्यवस्थित र जवाफदेही बनाउन महालक्ष्मी नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि अनुसार उपभोक्ता समितिहरु गठन गर्न बाञ्छनीय देखिन्छ ।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :-**

नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्दिष्ट गरेका स्थानीय तहको अधिकार क्षेत्र भित्रको विकास निर्माण सम्बन्धी कार्य सञ्चालनको लागि महालक्ष्मी नगरपालिकाले उपभोक्ता समिति गठन , परिचालन तथा व्यवस्थापन गर्न आवश्यक देखिएकाले महालक्ष्मी नगरपालिकाको प्राशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ बमोजिम उपभोक्ता समितिहरु गठन गरी यथाशिघ्र योजना शुरुवात गर्नुपर्ने हुन्छ ।

**३. प्रस्ताव पेश गर्नुपर्नाको कारण र सम्बन्धित शाखाको राय :-**

महालक्ष्मी नगरपालिकाले सम्पन्न गर्नुपर्ने विकास निर्माणका कार्यहरुलाई प्रभावकारी बनाउनको लागि उपभोक्ता समितिहरु यथा सम्भव छिटो गठन गरी यसै नगरपालिकाको कार्यपालिकामा योजना स्वीकृत गर्नुपर्ने मनासिव देखिन्छ ।

**४. निर्णय हुनुपर्ने व्यहोरा :-**

महालक्ष्मी नगरपालिकाबाट योजनाहरु संचालन गर्न यहि आश्विन मसान्तसम्म उपभोक्ता समिति गठन गर्नुपर्ने ।

लक्ष्मी प्रसाद रेग्मी
प्रमुख प्रशासकीय अधिकृत